नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था विभाग

# सवारी परीक्षण कार्यालय

टेकू, काठमाडौं

## सुरक्षा सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति  २०८३/०५/०३)

आ.व. २०८३/८४ मा कार्यालयको सुरक्षाको लागि सुरक्षा सेवा करारमा गराउनुपर्ने भएको हुँदा सुरक्षा सम्बन्धी काम गर्ने फर्म/कम्पनीले यस कार्यालयबाट तयार गरिएको कार्य क्षेत्रगत सेवाहरू (TOR) को अधीनमा रही सुरक्षा सम्बन्धी काम गर्न यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनी दर्ताको प्रमाणपत्र, VAT दर्ताको प्रमाणपत्र, आ.व. २०८२/८३ को करचुक्ता प्रमाणपत्र र सुरक्षा सेवा सम्बन्धी कार्य गर्ने निवेदन सहित यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।

| विवरण | प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान | प्रस्ताव खोलिने मिति |
|---|---|---|
| सुरक्षा सेवा सम्बन्धी कार्य | २०८३ भाद्र १८ गते दिनको १२:०० बजे सम्म सवारी परीक्षण कार्यालय, टेकू, काठमाडौं | २०८३ भाद्र १८ गते दिनको २:०० बजे |

## कार्यालय सुरक्षा सेवा उपलब्ध गराउने कार्य क्षेत्रगत शर्तहरू(TOR)

१. **सेवाप्रदायकले गर्नुपर्ने कामको पृष्ठभुमी  र उद्देश्यः**

सवारी परीक्षण कार्यालय, टेकू, काठमाडौंको सुरक्षा सेवा करारमा लिन आवश्यक भएको ।

२. **सेवाप्रदायकको कार्यक्षेत्र र सम्पादन गर्नुपर्ने कामः**

सेवाप्रदायकले सवारी परीक्षण कार्यालय, टेकू, काठमाडौंको कार्यालय परिसरमा ८/८ घण्टाको पालो गरी ३ जना सुरक्षाकर्मी खटाई २४ घण्टा सुरक्षा प्रबन्ध गर्नुपर्नेछ । ती सुरक्षाकर्मीहरूलाई पारिश्रमिक एवं सबै सुविधा सेवाप्रदायकले गर्नुपर्नेछ ।

३. **सम्झौता अवधिः** सम्झौता अवधि सम्वत २०८३ असोज १ गतेदेखि सम्वत २०८४ असार मसान्तसम्म हुनेछ ।

४. **सेवा प्रदायकले प्राप्त गर्ने रकम र सुविधाः**

कार्यालयले **सेवा प्रदायक**लाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ । कार्यालयमा खटिने सुरक्षाकर्मीलाई सेक्युरिटी पोष्ट तथा पोशाक फेर्ने कोठा उपलब्ध गराउनेछ । अन्य भौतिक सुविधा उपलब्ध गराइने छैन ।

५. यसमा उल्लेखित शर्तहरू बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ बमोजिम हुनेछ ।

**द्रष्टव्यः** सम्बन्धित फर्म/कम्पनीले सवारी परीक्षण कार्यालय, टेकू, काठमाडौंमा निवेदन दिइ प्रस्ताव फारम प्राप्त गर्न सक्ने जानकारी गराइन्छ ।